Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD : 2057
25th RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: ६ | वि.सं. २०८३ वैशाख ६ आइतवार | नेपाल संवत: ११४५, वैशाख शुक्ल द्वितीया | Saturday 19 April 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-


### राउटेलाई गुराँस गाउँपालिकाले दियो सामाजिक सुरक्षा भत्ता

# नगद बुझेर मदिराको खोजिमा वस्तीतर्फ राउटे समुदाय

शनिबार दिउँसो राउटे वस्तीको रिपोटिङ गरेर फर्कदै गर्दा बस्ती नजिकै एक अधवैशे युवती मदिराले लठ्ठ अवस्थामा एक किराना पसलको बाहिर भेटिइन । उनी मदिराले अर्धचेत अवस्थामा थिइन । तर उनको जवाफ थियो, 'मैले रक्सी खायाको छैन । चाउचाउ किन्न आयाको हुँ ।' उनीसँगै आएका अन्य महिलाले भत्ता बुझेर रक्सी खान आएको भन्दै थिए । जिब्रो लरबराउँदै उनी भन्दै थिइन, 'होइन, होइन, मैले रक्सी खायाको छैन ।' उनी मात्रै होइन अन्य महिला तथा पुरुषहरु पनि भत्ताको रकम बुझ्ने बित्तिकै नजिकको वस्तीतर्फ हिँड्दै थिए । जहाँ उनीहरु धित मरुन्जेल मदिरा पिउनेवाला थिए



**◣ओम शाही**
**सुर्खेत, ५ वैशाख ।**

दैलेखको गराँस गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत लगायत कर्मचारीको टोली शनिबार पूर्वि सुर्खेतको गुर्भाकोट नगरपालिका-१४ र लेकवेशी नगरपालिका-२, को सिमावर्ती क्षेत्र स्याला गोठेरी पुग्यो । जहाँ लोपोन्मुख राउटे समुदायको बसोवास छ । राउटे वस्तीमा गुराँस गाउँपालिकाको टोली पुग्नुको कारण अन्य नभई सरकारले लोपोन्मुख र सिमान्तकृत समुदायलाई प्रदान गर्दै आएको सामाजिक सुरक्षावापतको रकम प्रदान गर्नु थियो ।

गाउँपालिकाको टोली झोलामा नगद पैसा बोकेर कपडाले छाएको र स्याउलाले बारेको वस्तीमा पुग्दा राउटे समुदायका मानिसहरु उत्साहित देखिन्थे । पालिकाका कर्मचारीहरुले राउटे समुदायका व्यक्तिहरुको नाम रुजु गरेर सामाजिक सुरक्षा भत्ता दिन सुरु गरेपछि राउटे समुदायका महिला तथा पुरुषहरुले तछाड मछाड गरेर रकम बुझे ।

गाउँपालिका अध्यक्ष टोपबहादुर विसी, उपाध्यक्ष शिवा खड्का र प्रमुख प्रशासकीय अधिकृत डिनायट घर्तीले जनही चार हजारका दरले तीन महिनाको प्रतिव्यक्ति १२ हजार नगद राउटे समुदायका महिला, पुरुष र बालबालिकालाई हस्तान्तरण गरे । पालिका अध्यक्ष विसीका अनुसार राउटे समुदायका एक सय ३२ जनालाई १५ लाख ८४ हजार रुपैयाँ सामाजिक सुरक्षा भत्तावापत प्रदान दिइएको छ ।

राउटे समुदायलाई गुराँस गाउँपालिकाले परिचयपत्र दिएर आफ्ना नागरिकको दर्जा दिएको छ । सोही कारण पालिकाले तीन वा चार (अन्य समय आवश्यकताको आधारमा) महिनाको अवधिमा

▶▶ बाँकी २ पेजमा

### भत्ता दिइन्छ, छैनन् संरक्षणका स्पष्ट नीति

राउटेहरूले आत्मनिर्णयको अधिकार उपयोग गरी स्वशासनको अभ्यास गरिरहेका छन् । उनीहरू निर्वाध रूपमा आफ्नो प्रथाजनित अभ्यासको निरन्तरता चाहन्छन् । आफ्नो प्राकृतिक सम्पत्ति र स्रोतहरूको स्वतन्त्रतापूर्वक उपभोग गर्न सक्छन् । समग्र रूपमा राउटेहरूको प्रथाजनित अभ्यास निरन्तरतामा अवरोध उत्पन्न भए उनीहरूले प्रतिनिधित्व गरेको एउटा सभ्यताको अन्त्य सम्मुख देखिएको विभिन्न अध्ययनहरुले देखाएका छन् ।

राष्ट्रिय मानवअधिकार आयोगको अध्ययनले भन्छ, 'उनीहरूको स्वेच्छिक रोजाइ आवास, खाद्यान्न, पोषण, लत्ताकपडा, गुणस्तरीय शिक्षा उपलब्ध गराउने विधि तय गरी प्रभावकारी कार्यान्वयन, बाहिरी आधुनिक

▶▶ बाँकी ४ पेजमा

## प्याराग्लाइडिङले रङ्गिँदै सुर्खेतको आकाश



**◣रुपनी जि एम/रासस**
**सुर्खेत, ५ वैशाख ।**

सुर्खेतको आकाश केही वर्ष प्याराग्लाइडिङका कारण रङ्गिन थालेका छन् । कर्णाली प्रदेशको राजधानीसमेत रहेको यो सहर पछिल्लो समय साहसिक पर्यटनको नयाँ केन्द्रका रूपमा विस्तार भएको हो ।

चुरे पहाडको काखबाट उडान भर्दा तल देखिने हरियाली वन, फैलिएका बस्ती र टाढासम्म फैलिएको भू दृश्यले जो कोहीलाई केही क्षण भए पनि आनन्द दिलाउँछ । खुला आकाशमा स्वतन्त्र रूपमा उड्ने अनुभूति लिन पनि पर्यटकहरू केही वर्षयता यहाँ आउन थालेका छन् ।

शिक्षण पेसामा आबद्ध रमेश विष्ट यस परिवर्तनका साक्षी मात्र होइनन्, सक्रिय सहभागी पनि छन् । उनी भन्छन, "छोटो समयमै यहाँको प्याराग्लाइडिङले सबै वर्गका मानिसलाई आकर्षित गरेको छ ।"

सुर्खेतमा प्याराग्लाइडिङ विस्तार हुँदै जाँदा यसको दायरा विस्तार हुँदै गएको छ । व्यवसायी, विद्यार्थी, शिक्षक, डाक्टर, इन्जिनियर सबै पेसाका मानिस प्याराग्लाइडिङमा सहभागी हुन थालेका छन् । अब यो खेल सीमित समुदायका लागि मात्र नभएर सर्वसाधारणको पहुँचमा आएको छ । व्यवस्थापनमा गरिएको सुधार, सुरक्षा मापदण्डको पालना र प्रशिक्षित पाइलटको उपलब्धताले यो व्यवसायप्रति थप विश्वास बढाएको छ ।

पाँच वर्ष जापान बसाइ सकेर फर्किनुभएका 'सेन्से' उपनामले परिचित स्थानीय एक युवाले जीवनमै पहिलोपटक प्याराग्लाइडिङ अनुभव लिन सुर्खेत आइपुगेको बताए । उनका लागि यो केवल मनोरञ्जन होइन, स्वदेशको प्रकृति र पर्यटनको सम्भावनासँग पुनः जोडिने अवसर पनि हो । उनले भने, "उडानअघि हल्का डर भए पनि पछि मज्जा भयो ।"

जीवन र रमेशझैं प्याराग्लाइडिङ अनुभव बटुल्न पहिलोपटक आएकी निरु चौधरीको अनुभव पनि खासै फरक छैन । "मैले प्याराग्लाइडिङ गरेको धेरै भिडियोहरू देखेकी थिएँ । पोखरा गएर गर्नलाई आर्थिक रुपले र समयको व्यस्तताले सम्भव थिएन । तर यहाँ दूरीले पनि नजिक भएकाले आएकी हुँ", उनले भने ।

सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-१४ स्थित बयलकाँडा क्षेत्रमा निमार्ण गरिएको प्याराग्लाइडिङ गर्ने स्थान विस्तारै

▶▶ बाँकी ३ पेजमा

## एसइई दिएका विद्यार्थीलाई शैक्षिक परामर्श दिँदै गाउँपालिका

**◣युग संवाददाता**
**कालीकोट, ५ वैशाख ।**

यहाँको महावै गाउँपालिकाले एसइई दिएर बसेका विद्यार्थीलाई शैक्षिक परामर्श दिएको छ ।

उनीहरूको भविष्य मार्गदर्शन गर्ने किसिमको शैक्षिक परामर्श गाउँपालिकाले दिएको हो । एसइई दिएर बसेका विद्यार्थीले आगामी दिनमा कसरी अगाडि बढ्ने, कहाँ-के पढ्ने ? भन्नेबारे परामर्श दिएको गाउँपालिकाले जनाएको छ । एसइई दिएका विद्यार्थी, तिनका अभिभावक र शिक्षकलाई साथै राखेर परामर्श दिइएको गाउँपालिका अध्यक्ष खेमबहादुर सिंहले बताए । "बालबालिकालाई उचित मार्गदर्शन गर्नसके सही बाटो रोज्न सक्छन्", उनले भने, "विद्यार्थी, शिक्षक र अभिभावक र सरोकारवालाबीच अनुभव साटासाट मत्वपूर्ण भएको छ ।" बालबालिकाको रुचि, चाहना, भविष्यको लक्ष्य, उचित विकल्पबारे विद्यार्थीसँग छलफल गरिएको मनोविमर्शकर्ता खडानन्द चौलागाईले बताए ।

## 'अनलाइन'बाट मतदाता नामावली दर्ता गर्नेको सङ्ख्यामा वृद्धि

**◣युग संवाददाता**
**जुम्ला, ५ वैशाख ।**

राष्ट्रिय परिचयपत्रको नम्बरमार्फत मतदाता नामावलीमा ' अनलाइन'बाटै नाम दर्ता गर्नेको सङ्ख्यामा वृद्धि भएको छ ।

निर्वाचन आयोगको केन्द्रीय कार्यालयले मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम पुनः सुरु गरेसँगै राष्ट्रिय परिचयपत्र बनाएका अधिकांश मतदाताले अनलाइनबाटै नाम दर्ता गराउन थालेको जिल्ला निर्वाचन कार्यालयका निर्वाचन अधिकारी दीपेन्द्र कँडेलले जानकारी दिए ।

उनका अनुसार आवेदन दिएकामध्ये करिब ९० प्रतिशतले अनलाइनबाटै नाम दर्ता गरेका छन् । हालसम्म राष्ट्रिय परिचयपत्रबाट ३३५ र कार्यालयमा भौतिक रूपमा उपस्थित भएका पाँच जना गरी ४४० जनाले मतदाता नामावलीमा नाम दर्ता गरेको निर्वाचन अधिकारी कँडेलको भनाइ छ ।

मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्न यहाँका सबै स्थानीय तहलाई पत्रचार गरिएको छ ।

गत फागुन २१ को प्रतिनिधिसभा निर्वाचनमा जिल्लामा ३४ हजार २८० महिला मतदाता र ३७ हजार ४५९ जना पुरुष मतदाता गरी जम्मा ७१ हजार ७३९ जना मतदाता सङ्ख्या कायम रहेको थियो ।


**श्रमको सम्मान गरौं, श्रमिकको अधिकार सुनिश्चित गरौं ।**

- सुरक्षित र मर्यादित कार्यस्थल सुनिश्चित गरौं,
- न्यूनतम् ज्याला तथा सुविधा समयमै प्रदान गरौं,
- बाल श्रम, जबर्जस्ती श्रमलगायतका सबै प्रकारका श्रम विभेदको अन्त्य गरौं,
- कार्यस्थलमा स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गरौं,
- श्रमिकहरूलाई सामाजिक सुरक्षा र बीमामा समावेश गराऔं,
- महिला तथा पुरुष श्रमिकबीच समान अवसर र समान पारिश्रमिक सुनिश्चित गरौं,
- श्रमिकको सीप विकास र क्षमता अभिवृद्धिमा जोड दिऔं,
- श्रम ऐन तथा नियमहरूको पालना गरौं,
- श्रमिक र रोजगारदाताबीच सहकार्य र समन्वय बढाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

GANGAMALA TRAVELS & TOUR PVT. LTD
CAR WASH
Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810
● MINI BUS ● JEEP/CAR
● EV VAN ● SUMO JEEP

## सम्पादकीय....

# संघीयता कार्यान्वयनको दुर्बल पक्ष

संघीयता कार्यान्वयनपछि कर्णाली प्रदेशमा पेचिलो र सर्वाधिक चर्चा भइरहने विषय हो- प्रहरी समायोजना । संघीय सरकारले प्रहरी ऐन नबनाइ दिदा कर्णालीले मात्रै होइन सात वटै प्रदेशहरुले प्रहरी परिचालन गर्न संघीय सरकारकै मुख ताक्न बाध्य छन् । कानुन नबन्दाको बाध्यता एकातर्फ छ भने अर्कोतर्फ संघीय सरकारको असहयोगकै कारण कर्णालीका महत्वपूर्ण प्रहरी संरचनाहरु अझै पनि प्रदेशमा स्थानान्तरण हुन सकेका छैनन् । २०७२ को संविधान जारी हुँदा भएको राज्य पुनर्संचनामा साविकको मध्यपश्चिमाञ्चल विकास क्षेत्रबाट बाँके र बर्दियालाई कर्णालीबाट अलग गरिएपछि प्रहरीका महत्वपूर्ण संरचना लुम्बिनीमा छुटेका थिए । देश संघीयताको अभ्यासमा गएको झण्डै एक दशक पुग्नै लाग्यो । विडम्बना कर्णाली प्रदेशभित्र हुनुपर्ने प्रहरीका महत्वपूर्ण संरचना भने लुम्बिनी प्रदेशबाटै सञ्चालित छन् । संघीयताको मर्मअनुरुप प्रशासनिक विकेन्द्रीकरण भएको दशकसम्म पनि ती संरचना कर्णालीमा स्थान्तरण गर्न राज्यले नै ध्यान दिन सकेको छैन । कर्णाली प्रदेश प्रहरी कार्यालयको मुख्य अङ्ग मानिने तालिम केन्द्र बाँकेको नेपालगञ्जबाट सञ्चालित छ ।

यस्तै, कर्णालीको नेपाल प्रहरी विशेष सुरक्षा गण, संघीय प्रहरी इकाइ कार्यालय, कुकुर, ड्रग शाखा र कर्णालीको प्रहरी ब्यान्ड टोली बाँकेका नेपालगञ्ज र कोहलपुरबाट सञ्चालित छन् । संविधानतः प्रदेश स्थापनासँगै यी संरचनाहरू कर्णाली प्रदेशको राजधानी सुर्खेतमा सार्नुपर्ने थियो । तर एक दशक पुग्नै लाग्दा पनि कर्णालीको सुरक्षा कमाण्ड प्रदेश बाहिर रहनुले संघीयताको मर्ममाथि नै प्रश्न उठाइरहेको प्रहरीका उच्च अधिकारीहरु नै बताउँछन् । कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र र गणलाई यसअघि कर्णालीमा स्थान्तरण गर्ने चर्चा पटक-पटक चले । तर चर्चामै सीमित छन् । विशेष सुरक्षा गण पूर्वी सुर्खेतको गुर्भाकोट नगरपालिका-१४ गुमीमा स्थानान्तरण लागि प्रक्रिया अघि बढेको दुई वर्षभन्दा बढी भयो । तथापि प्राविधिक वा प्रशासनिक रूपमा कोहलपुरबाटै सञ्चालित छ । यो शाखा गण सुरक्षा, दङ्गा नियन्त्रण र आकस्मिक कार्यहरूमा संलग्न हुन्छ । गुमीमा चार बिघा जमिनमा रहने गरी जग्गाको व्यवस्थापन गरिएको छ । कर्णाली प्रदेश सरकारबाट एक करोड ९१ लाखको बजेट अख्तियारी अघिल्लै वर्षमा भएको थियो । कर्णाली प्रदेश प्रहरी कार्यालयका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक राम प्रकाश शाहले हाल दुई सय जनाको टोली मात्रै गुमीमा बसेको छ ।

यस्तै, अर्को महत्त्वपूर्ण तालिम केन्द्र सुरुमा पश्चिम सुर्खेतको पञ्चपुरी नगरपालिका-८ को दुलालथाई मौरीडाँडा सामुदायिक वनमा स्थापना गर्ने चर्चा भयो । त्यहाँ स्थान्तरणका लागि जग्गा प्राप्तिका प्रक्रियाहरु पनि अघि बढाउन खोजिए । तर राजकुमार शर्मा कर्णालीको मुख्यमन्त्री आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रममा नै तालिम केन्द्र शर्माको गृह पालिका रुकुम पश्चिमको चौरजहारीमा स्थापना गर्ने भनियो । त्यसपछि स्थान्तरणको विषय सेलायो । खास तालिम केन्द्र प्रदेश राजधानी वीरेन्द्रनगरमा राख्नु उपयुक्त मान्छन्, प्रहरी अधिकारीहरू । तर वीरेन्द्रनगरमा आवश्यक जग्गा नभएपछि सबै तहको रोहबरमा दुलालथाईमा स्थापना गर्ने प्रयास भएको थियो । संघीयता कार्यान्वयन भएको झण्डै एक दशक पुग्नै लाग्दा संवधानको मर्म पुरा नहुनु आफैमा बिडम्बनाको विषय हो । सुरक्षाको दृष्टिकोणले महत्वपूर्ण मानिने संरचनाहरु नीतिगत निर्णयको अभावकै कारण स्थानान्तरण हुन यत्रो समय लाग्नु संघीयता कार्यान्वयनको दर्बल पक्ष हो । यसले संघीयतालाई सबलिकरण हुन दिएको छैन । यसमा राजनीतिक र प्रशासनिक नेतृत्वको असक्षमता झल्किन्छ । प्रदेशलाई आवश्यक पर्ने संरचना स्थापनामा गरिएको खेलाचीले संघीयताको मर्म सफल हुनसक्दैन । यसर्थ, यसअघि जुन सुकै कारणले लुम्बिनीबाट प्रहरीका संरचना कर्णालीमा सार्न भएको बिलम्वलाई तोड्दै नयाँ सरकारले युद्धस्तरमा काम थाल्न जरुरी छ ।

# दुर्गम भूगोल, स्थानीय तह र प्रधानमन्त्रीसंगको अपेक्षा



✍ **देब बहादुर बुढा**

नेपालको संघीय संरचनामा स्थानीय तह जनताको सबै भन्दा नजिकको सरकार हो । यसको प्रभावकारिता सिधै नागरिकको दैनिक जीवनसँग जोडिएको हुन्छ । यस्तो अवस्थामा स्थानीय तह सञ्चालनको प्रत्यक्ष अनुभव बटुलेको नेतृत्व राष्ट्रिय तहमा पुग्दा त्यसले नीति निर्माणलाई व्यवहारिक र परिणाममुखी बनाउने अपेक्षा स्वाभाविक हुन्छ ।

तत्कालिन काठमाण्डौ महानगरपालिकाको नगर प्रमुख बालेन्द्र शाह (बालेन) नेपाल सरकारको प्रधानमन्त्री हुनुहुन्छ ।सर्वप्रथम सम्मानीय प्रधानमन्त्री ज्यूलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु । प्रधानमन्त्री ज्यूले स्थानीय तहमा काम गर्दाको अनुभवबाट प्रशासन, विकास र जनअपेक्षाको गहिरो बुझाइ हासिल गर्नुभएको छ । यस्तो अनुभवले देश भरिका स्थानीय तहका वास्तविक समस्या पहिचान गर्न र समाधान खोज्न महत्वपूर्ण आधार प्रदान गर्नेछ । महानगरको प्रमुख भै काम गरिरहदाँ संघीय सरकारले काठमाण्डौ महानगरपालिकाको कार्यसंञ्चालनमा प्रत्यक्ष/अप्रत्यक्ष खेलेको भूमिकाले पनि स्थानीय तह र संघीय सरकारको सम्बन्धका बारेमा उहाँलाई अझ थप जानकार बनाएको छ ।

विशेषगरी जाजरकोट र दुर्गम तथा पहाडी जिल्लाको सन्दर्भमा स्थानीय तह सञ्चालनका चुनौतीहरू अझ जटिल छन् । भौगोलिक विकटता, सडक सञ्जालको सिमित पहुँच, बस्तीहरू बीचको दूरी, र प्राकृतिक विपद्को जोखिमले यहाँको विकास प्रक्रियालाई प्रभावित पार्दै आएको छ । यहाँका नागरिकले सामान्य सेवा लिन समेत घण्टौं हिँड्नु पर्ने बाध्यता अझै कायम छ । स्थानीय तहमा राजश्व संकलनमा सिमितता, प्रदेश तथा नेपाल सरकारबाट जाने वित्तिय समानीकरण र राजश्व बाँडफाँडको स्रोत पनि बजेट सिमा अनुसार उपलब्ध नहुनु, अनि स्थायी कर्मचारी तथा जनप्रतिधिहरुको तलब भत्ता तथा सेवा सुविधा समेत त्यहि स्रोतबाट खर्च गर्नुपर्ने अवस्थाले विकास निर्माणका कामले गति लिन सकिरहेको अवस्था छैन । त्यसैले नेपालको विकास सन्तुलित हुन स्थानीय तह र भूगोललाई केन्द्रमा निति कार्यक्रम तथा बजेट निर्माण हुने अपेक्षा गर्दछु ।

यस्तो भूगोलमा विकास निर्माणका कामहरू सञ्चालन गर्नु आफैंमा चुनौती पूर्ण हुन्छ । निर्माण सामग्री ढुवानी देखि लिएर प्राविधिक जनशक्ति व्यवस्थापन सम्मका समस्या नियमित रूपमा देखिन्छन् । यसले योजना कार्यान्वयनमा ढिलासुस्ती र लागत वृद्धि गराउने अवस्था छ । त्यसैले, स्थानीय तह त्यसमा पनि जाजरकोट र जस्तै विकट क्षेत्रका समस्याको यथार्थता बुझ्ने नेतृत्व नेपालले पाएको महसुस मैले गरेको छु । यधपि यो विषय लगतै आउने नेपाल सरकारको निति तथा कार्यक्रम र बजेटमा भौगोलिक संवेदनशीलता हिसाबले विषयबस्तु समावेश हुने नहुने विषयले पुष्टी गर्नेछ ।

कर्मचारी व्यवस्थापनको समस्या जाजरकोट तथा दुर्गमका स्थानीय तहहरुमा अहिले पनि कायमै नै छ ।समायोजन भएको यति लामो समयसम्म पनि संघीय निजामति सेवा ऐन जारी हुन नसक्दा स्थानीय तहहरुले दैनिक प्रशासन देखि विकास व्यवस्थापनसम्म धेरै व्यवहारिक समस्या भोगिरहेका छन । दक्ष जनशक्ति अभाव, कर्मचारीको टिकाउपनमा समस्या, र दुर्गम क्षेत्रमा काम गर्न अनिच्छा जस्ता चुनौतीले सेवा प्रवाह प्रभावित भएको छ । यस्ता समस्याको दीर्घकालीन समाधानका लागि कर्मचारीको सेवा सुविधा,वृति विकास,सेवाको सुरक्षाको सुनिश्चितता, स्पष्ट कार्यविभाजन र दुर्गम प्रोत्साहन प्याकेज सहितको कानुन नै सक्षम, स्थीर र जनमुखी प्रशासनको आधार बन्न सक्छ । यस्तो ऐनको शिघ्र निर्माण र कार्यान्वयनले मात्र संघीयताको मर्मअनुसार प्रभावकारी सेवा प्रवाह र समावेशी विकास सुनिश्चित गर्न मद्दत पुग्दछ ।

त्यसैगरी, जाजरकोट प्राकृतिक विपद्को दृष्टिले पनि संवेदनशील क्षेत्र हो । भूकम्प, पहिरो र बाढीका जोखिमले यहाँको पूर्वाधार र जनजीवनमा बारम्बार असर पुऱ्याउँदै आएको छ । यस्तो अवस्थामा विपद् व्यवस्थापनलाई स्थानीय तहसँग समन्वय गर्दै सुदृढ बनाउनु आवश्यक छ । स्थानीय तहको अनुभवले सेवा प्रवाहलाई नागरिकमैत्री, प्रविधिमैत्री र पारदर्शी बनाउन मद्दत गर्दछ । यदि यस्तो अनुभवलाई राष्ट्रिय स्तरको नेतृत्वमा रूपान्तरण गर्न सकियो भने जाजरकोट जस्ता दुर्गम जिल्लाका नागरिकले पनि राज्यको उपस्थितिलाई सहज रूपमा महसुस गर्न सक्नेछन् ।

अन्ततः, जाजरकोटको भुगोल, चुनौती र सम्भावनालाई आत्मसात् गर्दै समग्र देशको विकासमा सन्तुलन ल्याउना, विकासको पहुँच शहरमा मात्र सीमित नराखी दुर्गम गाउँसम्म पुऱ्याउन र दिगो विकास लक्ष्य पूरा गर्न स्थानीय तह संञ्चालनको अनुभव प्राप्त नेतृत्वले सकारात्मक भूमिका खेल्ने अपेक्षा सहित शुभकामना व्यक्त गर्दछु । धन्यवाद ।।

*(लेखक छेडागाड नगरपालिका, जाजरकोटका सूचना अधिकारी हुन् ।)*

## नगद...

राउटेहरुलाई यसैगरी नगद रकम दिदै आएको छ । भत्ता लिने लाइनमा राउटे मुखिया शेरबहादुर शाही पनि देखिन्थे । उनले आफुसहित आफ्ना चार जना परिवारको भत्ता औठा छाप गरेर बुझे । भत्ता बुझेपछि उनी उत्साहित देखिन्थे । उनको हातमा एकै पटक ४८ हजार रुपैयाँ हात परेको थियो ।

उनले भत्ता बुझेपछि चामल, तरकारी र कपडा किन्नमा खर्चिने भने । 'सरकारले भत्ता दियाको छ, हाम्रा जनतालाई अब केही राहत हुन्या भयाको छ । चामल, मासु, तरकारी र कपडा किन्न भत्ताको पैसा खर्च गर्छौं,' शाहीले उत्साहित हुँदै भने । उनले केही पैसा मदिरामा खर्च हुनेसमेत बताए । राउटे समुदायमा ठकुरीका तीन वंश स्वबंशी, कल्याल र रास्कोटीको बसोवास छ ।

यीनै तीन वंशले एक आपसमा विहेवारी गर्छन भने, तीनै वंशबाट एक/एक जना गरी तीन जना राउटे मुखिया हुन्छन् । तीन मुखिया मध्येका एक थिए, शेरबहादुर शाही । उनीहरुकै आदेश र निर्णय मुताविक राउटे समुदाय चल्छ । पछिल्लो समय राउटेहरुलाई दिइने नगदका कारण कमसल खाले मदिराको लत बसेकाले स्वास्थ्यमा गम्भीर असर पर्दै गएको भन्दै नगद दिन बन्द गर्नुपर्ने चौतर्फी उठेको आवाज यो समुदायका सबैले थाहा पाइसकेका छन् । त्यसैले उनीहरु मदिरा सेवन गरकै अवस्थामा भेटिएपनि हामी खादैनौं भन्ने जवाफ दिने गरेका छन् । शाहीले पनि आफ्नो समुदायका मानिसहरुले घरमा अन्नबाट बनाएको मदिरा मात्रै पिउने गरेको वनावटी जवाफ दिने गरेका छन् । जसका कारण मानव विकासका क्रममा ढुङ्गेयुगमै छुटेको राउटे समुदाय तीव्र विनासीकरणतर्फ उन्मुख भइरहेको छ ।

शनिबार दिउँसो राउटे वस्तीको रिपोटिङ गरेर फर्कदै गर्दा बस्ती नजिकै एक अधवैशे युवती मदिराले लठ्ठ अवस्थामा एक किराना पसलको बाहिर भेटिइन । उनी मदिराले अर्धचेत अवस्थामा थिइन । तर उनको जवाफ थियो, 'मैले रक्सी खायाको छैन । चाउचाउ किन्न आयाको हुँ ।' उनीसँगै आएका अन्य महिलाले भत्ता बुझेर रक्सी खान आएको भन्दै थिए । जिब्रो लरबराउँदै उनी भन्दै थिइन, 'होइन, होइन, मैले रक्सी खायाको छैन ।' उनी मात्रै होइन अन्य महिला तथा पुरुषहरु पनि भत्ताको रकम बुझ्ने बित्तिकै नजिकको वस्तीतर्फ हिँड्दै थिए । जहाँ उनीहरु धित मरुन्जेल मदिरा पिउनेवाला थिए ।

कुनै समय पैसा छोए पाप लाग्छ भन्ने राउटेहरु आफ्नै पौरखमा जिविकोपार्जन गर्थे । एकै ठाउँमा स्थायी बसोवास नगर्ने राउटेहरु वनमा पाइने कुकाठबाट घरायसी प्रयोजनका सामग्री बनाएर दैनिकी चलाउथे । काठबाट बनेका मदुस, पिर्का, कोशी बोकेर नजिकका वस्तीमा जाने र अन्न तथा तरकारीसँग साटेर वस्ती फर्कनु राउटेहरुको दैनिकी हुन्थ्यो ।

उनीहरुले जंगलमा पाइने बादर मारेर मासुको जोहो गर्थे । वनका कन्दमुल राउटे समुदायको छाक टार्ने मेसो बन्थे । अखाद्यवस्तुबाट टाढा रहने राउटे समुदाय झण्डै १० वर्षअघिसम्म शारीरिकरुपमा तन्दरुस्त हुन्थे । उनीहरुको आफ्नौ भाषा, संस्कृति र रहनसहन हुन्थ्यो । उनीहरु विशेषगरी सुर्खेत र दैलेखका जंगलमा केही समय बस्ने र बसाइँ सरि रहन्थे । तर यी सबै अहिले राउटे समुदायका लागि मिथक बनेका छन् ।

अहिले उनीहरु बसाइँ त सरिरहन्छन् नै त्योसँगै हानिकारक जीवनशैलीले तीव्ररुपमा ढाक्दै गएको छ । यसको प्रमुख कारण आधुनिकिकरणको नाममा नगद रकम दिइनु हो । सामाजिक सुरक्षा र सहयोगका नाममा नगद रुपैयाँ दिइदा अहिले राउटेहरु जबरजस्त परनिर्भरतामा धकेलिएका छन् । यति मात्रै होइन नगदकै कारण राउटेहरुमा गुणस्तरहिन मदिराको लत बसेको छ । जसका कारणले उनीहरुको स्वास्थ्य बिग्रदै मात्र गएको छैन, अस्वस्थ खानपान र जीवनशैलीले महिला तथा पुरुषमा प्रजनन् स्वास्थ्यमा समेत गम्भीर असर पर्दै गएको छ ।

राउटे समुदायको हानिकारक जीवनशैली सुधारमा तीनै तहका सरकार र विकास साझेदार हरुले विभिन्न कामहरु गर्दै आएका छन् । तर राउटेमाथि भएको लगानीले प्रतिफल दिन सकेको छैन । राउटेका नाममा बर्सेनि करोडौं रकम खर्च भइरहेको छ । उक्त रकम मदिरामा खर्च हुँदा यसलाई रोक्न कुनै प्रयास राज्यबाट भएको देखिँदैन । राउटेको एकै परिवारमा चौमासिक रूपमा एक लाख रुपैयाँसम्म भत्ता बापतको रकम जाने गरेको तथ्यांकले देखाउँछ ।

राउटे समुदायको जीवनरक्षालाई सरकारले पहिलो प्राथमिकतामा राख्नुपर्ने मानवअधिकारकर्मी पिताम्बर ढकाल बताउँछन् । राउटे समुदायप्रति राज्य उत्तरदायी हुन नसकेको उल्लेख गर्दै उनीहरूको जीवनरक्षालाई पहिलो प्राथमिकतामा राखेर मात्रै राउटेको वेशभूषा, संस्कृतिको रक्षामा जोड दिनुपर्ने ढकालको भनाइ छ । राउटेको जीवनरक्षाका लागि स्वास्थ्य, सरसफाइ, शिक्षा र पौष्टिक खानामा विशेष ख्याल गर्नुपर्ने उनको धारणा छ ।

'राउटे नागरिकमा सरसफाइको अवस्था नाजुक छ, मदिराको प्रयोग अत्यधिक छ,' ढकाल भन्छन्, 'सरसफाइका लागि राउटे नागरिकलाई सचेतना दिन जरुरी छ, मदिराको प्रयोगलाई तत्काल रोक्नुपर्छ ।' २०७५ सालमा एक सय ४९ रहेको राउटेको जनसंख्या ५ बैशाख २०८३ सम्म आइपुग्दा घटेर एक सय ३२ मा झरेको छ । यो समुदायको जन्मदर पनि निकै कम छ । राउटे समुदाय कपडाले छाएको, बारेको, जंगली काठपातले बारेको अस्थायी प्रकृतिका झुपडीमा परम्परागत बासमा बसिरहेका छन् । कपडा वा पातपतिङ्गर ओछ्याएर चिसो भुईंमा सुत्नु उनीहरूको दैनिकी हो । सिल्भर, आल्मुनियम, काठका भाँडाकुडाँ र पातपतिङ्गर खाना पकाउन तथा पानी संकलन गर्न प्रयोग गर्ने गरिएको छ, जुन मानव स्वास्थ्यका दृष्टिकोणले राम्रो मानिदैन ।

## विश्व

# हर्मुज खुलेको इरानका विदेशमन्त्रीको घोषणा, अवरोध कायमै रहने सभामुखको चेतावनी

**जेरुसेलम, ५ वैशाख ।**

इरानले शुक्रबार हर्मुज जलघाँटी खुला भएको घोषणा गरेपनि निर्वाध आवागमनका लागि जहाजहरुले समस्या व्यहोरेका छन् ।

इरानका विदेशमन्त्री अब्बास अराग्चीले शुक्रबार जलघाँटी खुला भएको घोषणा गरे पनि शनिबार संसद्का सभामुख मोहम्मद बगेर गालिबाफःले अवरोध कायमै रहने चेतावनी दिए ।

'अमेरिकाले इरानका बन्दरगाहमाथि गरेको नाकाबन्दी नहटेसम्म हर्मुजमा नाकाबन्दी कायम रहनेछ,' उनले भने ।

अमेरिकाको टेक्सास ए एन्ड एम विश्वविद्यालयका समुद्री आपुर्तिकर्ता विज्ञ जोन पाउल रोड्रिगले धेरै जहाजहरुले आवागमनमा समस्या व्यहोरिरहेको खबर प्राप्त भएको बताए ।

'शुक्रबार घोषणालगत्तै धेरै जहाजहरुले हर्मुज पार गर्ने प्रयास गरे । तर, अवस्था अस्पष्ट भएपछि उनीहरु फेरि फर्किएका छन्,' अल जजिरासँग रोड्रिगले भने, 'सबै पक्षले विरोधाभासपूर्ण सुचना जारी गरिरहेका छन् ।'

शुक्रबार लेबनान र इजरायलबीच १० दिने युद्धविराम लागु भएको छोटो समयमै विदेशमन्त्री अराग्चीले हर्मुज खुलेको घोषणा गरेका थिए । इरानले लेबनानमाथिको इजरायली आक्रमण बन्द हुनुपर्ने माग लगातार उठाउँदै आएको थियो ।'युद्धविराम अवधिका लागि स्ट्रेट अफ हर्मुज खुला गरिएको छ । सबै व्यावसायिक जहाजहरूको लागि बाटो पूर्ण रूपमा खुला छ,' विदेशमन्त्री अराग्चीले सामाजिक सञ्जाल एक्समा लेखेका थिए । जहाजहरुले इरानी जल अधिकारीहरुसँग समन्वय गर्नुपर्ने उनले बताए ।

तर, हर्मुज हुँदै बाहिरिने जहाजले तेहरानलाई शुल्क बुझाउनुपर्छ वा पर्दैन भन्नेबारे उनले केही बताएका थिएनन् । तेहरानले युद्ध सुरु भएको केही समयपछि हर्मुज हुँदै जाने जहाजसँग टोल ट्याक्स उठाउन थालेको थियो ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शुक्रबार सामाजिक सञ्जाल ट्रुथमा एक पोस्ट गर्दै इरानलाई हर्मुज खोलेकोमा धन्यवाद् दिएका थिए ।

तर, सम्झौता नभएसम्म अमेरिकी जलसेनाले इरानका बन्दरगाहहरुमा लगाएको नाकाबन्दी कायमै रहने चेतावनी पनि उनले दिए ।

प्रतिक्रिया स्वरुप इरानको संसद्का सभामुख गालिबाफले नाकाबन्दी कायम रहेसम्म हर्मुज नखुल्ने बताए ।

यसअघि ७ अप्रिलमा इरानसँग दुई साता लामो युद्धविराम घोषणा गर्दै ट्रम्पले हर्मुजको जलघाँटी खोल्ने सहमति बनेको दाबी गरेका थिए । पाकिस्तानको मध्यस्थतामा यो युद्धविराम भएको थियो ।

पाकिस्तानका प्रधानमन्त्री शहबाज सरिफले दुबै पक्ष र एक-अर्काकाका सहयोगीविरुद्ध आक्रमण नगर्ने सहमति इरान र अमेरिकाबीच बनेको बताएका थिए ।

▶▶ बाँकी ३ पेजमा

## महत्वपूर्ण टेलिफोन नम्बर

**एम्बुलेन्स**

| | |
|---|---|
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — रमाइलो दिन छ । रचनात्मक काम प्रारम्भ गर्ने समय छ । सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ ।

**वृष** — आकस्मिक खर्च बढ्नेछ भने आम्दानी कम हुनेछ । व्यवसायमा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ । फाइदाका लागि दोहोर्याएर प्रयत्न गर्नुपर्ला ।

**मिथुन** — दैनिक आवश्यकता पूरा हुनेछन् भने मिहिनेतको फल प्राप्त हुनेछ । आम्दानी बढ्नाले उत्साह जाग्नेछ । श्रमको उचित मूल्य पाइनेछ ।

**कर्कट** — नयाँ कामले नाम र दाम दिलाउनेछ । कर्मक्षेत्रमा गरिएको साधना सिद्ध हुनेछ । मिहिनेतले सजिलै लक्ष्यमा पुर्याउनेछ । प्रतीक्षित नतिजाले उत्साह

**सिंह** — अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपरे पनि भविष्यका लागि सम्भावना खोजी गर्ने समय छ । समयको गतिलाई पछ्याउन नसक्दा अलि दुःख भने पाइनेछ ।

**कन्या** — स्वास्थ्य कमजोर रहनेछ भने चिताएको नतिजा प्राप्त नहुनाले आर्थिक क्रियाकलापमा बाधा पुग्न सक्छ । गोपनीयता बाहिरिनाले लक्ष्यमा पुग्न अप्ठ्यारो पर्नेछ ।

**तुला** — घुमफिर तथा मनोरञ्जनको समय छ । प्रियजनसँगको भेटघाटले दिन निकै रमाइलो र उत्साहवर्द्धक रहनेछ । परिस्थितिले नयाँ मार्गतर्फ अग्रसर गराउन सक्छ ।

**वृश्चिक** — साहसी काम गरेर अरूको मन जित्न सकिनेछ । प्रतिपक्षीहरू समेत सहयोगी बन्नेछन् । कामको उच्च मूल्यांकन हुनेछ ।

**धनु** — कामको मेसो नमिल्दा पछि परिनेछ । अरूका लागि बुद्धि खर्चनुपर्ला । स्वास्थ्य कमजोर रहनाले अध्ययनमा ध्यान केन्द्रित नहुन सक्छ ।

**मकर** — छातीको समस्याले स्वास्थ्य कमजोर रहनेछ । हतारको निर्णयले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला । समयमा जुट्न नसक्दा आफ्नो काम रोकिन सक्छ ।

**कुम्भ** — नयाँ काम प्रारम्भ गर्ने समय छ । मिहिनेतले दिगो फाइदा दिलाउनेछ । प्रतिस्पर्धीले हार खानेछन् । परिश्रम परे पनि समय निकै फलदायी रहनेछ ।

**मीन** — आफ्नै वचनबद्धता पालना गर्न नसक्ने स्थिति रहनेछ । अस्वस्थताका बाबजुद जिम्मेवारी थपिनेछन् । अरूका काममा समय बित्न सक्छ ।

# मनसुन पूर्वको वर्षाले घटायो वन डढेलो

प्रगति ढकाल/रासस
काठमाडौँ, ५ वैशाख ।

हरेक वर्षको चैत महिना वन डढेलोको उच्च जोखिममा रहने गर्छ । तर गत चैतमा भने डढेलोको घटना थोरै मात्र घट्यो । मनसुन पूर्वनै औसतभन्दा बढी वर्षा भएकाले अघिल्लो वर्षको सोही अवधिको तुलनामा गत चैतमा डढेलोका घटनामा गिरावट आएको हो ।



वन तथा भू-संरक्षण विभागले उपलब्ध गराएको तथ्याङ्कअनुसार २०७८ चैतमा ४६६ वटा डढेलोका घटना दर्ता भएका थिए । यो सङ्ख्या २०७९ चैतमा घटेर २६७ मा झरेको थियो । २०८० चैतमा २४९ र २०८१ चैतमा पुनः बढेर ३३१ पुगेको थियो । २०८२ चैतमा भने हालसम्मकै थोरै ७९ वटा मात्रै डढेलाका घटना दर्ता भएका छन् ।

समग्रमा २०७८ मा दुई हजार १६२ वटा डढेलोका घटना भएकामा २०७९ मा एक हजार २७० मा झरेको थियो । २०८० मा दुई हजार ५५ र २०८१ मा तीन हजार ४७ पुगेको थियो । २०८२ मा भने ४२४ वटा घटना दर्ता भएका छन् ।

वन तथा वातावरण मन्त्रालयका सचिव डा गोविन्दप्रसाद शर्माले यस वर्ष मनसुन सुरु हुनु अघि नै वर्षा भएका कारण वन डढेलोमा कमी आएको बताए । "यस वर्ष वन डढेलाको ठूलो समस्या भएन । तर वन डढेलो कसरी व्यवस्थापन गर्न सकिन्छ भनेर बुधबार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा बसेको बैठकमा पनि छलफल भएको थियो," उनले भने, "वन डढेलो नियन्त्रणका लागि ड्रोन खरिदलगायतका कुराहरू पनि उठेका थिए । बैठकमा मनसुनजन्य विपद्को रोकथाम र प्रतिकार्यका लागि आवश्यक स्रोत सम्बन्धित मन्त्रालयको विनियोजित बजेटबाट व्यवस्थापन गर्ने तथा अपुग हुने स्रोत अर्थ मन्त्रालयसँग माग गर्ने निर्णयसमेत भएको छ ।"

महिनागत विश्लेषणले वैशाखमा सबैभन्दा धेरै डढेलो हुने गरेको छ । विक्रम संवत् २०७८ मा एक हजार २०४, विसं २०७९ मा ६०९, विसं २०८० मा एक हजार २७० र विसं २०८१ मा एक हजार ९०४ वटा घटना वैशाखमै भएका थिए । विसं २०८२ को वैशाखमा भने डढेलोको सङ्ख्या घटेर १७३ मात्र छ । जेठमा पनि उल्लेख्य सङ्ख्यामा डढेलो हुने गरेको तथ्याङ्कले देखाउँछ ।

वन तथा भू-संरक्षण विभागले सार्वजनिक गरेको वन डढेलोसम्बन्धी प्रतिवेदनले पछिल्लो समय डढेलोको जोखिम बढेसँगै वातावरणीय चुनौतीका रूपमा देखिएको छ । प्रतिवेदनअनुसार कुल घटनामध्ये करिब ८९ प्रतिशत डढेलो फागुनदेखि वैशाखसम्ममा हुने गर्छन् ।

दीर्घकालीन तथ्याङ्कले विसं २०७३ लाई सबैभन्दा गम्भीर डढेलो वर्षका रूपमा देखाएको छ । पछिल्ला वर्षहरूमा पनि डढेलोको जोखिम उच्च छ । विशेषगरी २०७८ र २०८१ मा उल्लेख्य सङ्ख्यामा डढेलोका घटना अभिलेख भएका छन् ।

विभागका महानिर्देशक धिरेन्द्रकुमार प्रधानले जलवायु परिवर्तनका कारण बढ्दो तापक्रम, लामो सुक्खा अवधि तथा मानवीय कारणले वन डढेलोका घटना बढ्ने बताए । "लामो हिउँदे सुक्खा अवधि, न्यून आर्द्रता, उच्च तापक्रम, हावाको तीव्रता, कृषि अवशेष जलाउने प्रचलन तथा वन क्षेत्रमा मानव गतिविधि वृद्धि हुने कारण वन डढेलोको जोखिम बढी हुन्छ," उनले भने । विशेषगरी वैशाख सबैभन्दा जोखिमयुक्त महिनाका रूपमा देखिएको छ, जसमा मात्र कुल घटनाको करिब ५७.७ प्रतिशत डढेलो हुने गरेको छ ।

**यस्तो छ प्रदेशगत वन डढेलो**

प्रदेशगत रूपमा हेर्दा डढेलोबाट पछिल्ला वर्षमा लुम्बिनी प्रदेश सबैभन्दा बढी प्रभावित छ । विसं २०७८ मा ४८२ वटा डढेलो भएको लुम्बिनीमा २०८१ सम्म यो सङ्ख्या बढेर ६९८ पुगेको थियो । २०८२ मा भने यो सङ्ख्या घटेर ४४ मा झरेको छ ।

कर्णाली प्रदेशमा पनि २०७८ मा ३१४ बाट २०८१ मा ५७५ पुगेको थियो । तर २०८२ मा भने ५७ वटा वन डढेलोका घटना दर्ता भएका छन् । त्यसैगरी, सुदूरपश्चिम प्रदेशमा २०७८ मा ३८९ र २०८१ मा ५२५ वटा डढेलोका घटना भएकामा २०८२ मा भने १३१ वटा घटना दर्ता भएका छन् ।

बागमती प्रदेशमा २०७८ मा ३०३ बाट २०८१ मा ४७५ पुगेको थियो भने २०८२ मा यो सङ्ख्या घटेर ७६ पुगेको छ । गण्डकी प्रदेशमा २०८१ मा २४९ वन डढेलोका घटना भएकामा २०८२ मा घटेर ३५ वटा दर्ता भएका छन् । यसैगरी, कोशी प्रदेशमा २०८१ मा २८७ वन डढेलोका घटना भएकामा २०८२ मा घटेर ३१ पुगेको छ ।

अघिल्लो वर्ष मधेस प्रदेशमा २३८ वन डढेलोका घटना भएकामा २०८२ मा घटेर ५० मा झरेको छ । तथ्याङ्कले २०८२ मा सबैभन्दा बढी सुदूरपश्चिममा र सबैभन्दा कम कोशी प्रदेशमा डढेलो भएको देखाउँछ । वन तथा भू-संरक्षण विभागको तथ्याङ्कमा विशेषगरी विसं २०७३, २०७८ र २०८१ मा अत्यधिक डढेलो घटना अभिलेख भएका छन् ।

गृह मन्त्रालयअन्तर्गतको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता शान्ति महतले आर्थिक वर्ष २०७७/७८ देखि आर्थिक वर्ष २०८१/८२ सम्मको पाँच वर्षमा वन डढेलोका कारण करिब ९१ करोड ७९ लाख रुपैयाँ आर्थिक क्षति भएको जानकारी दिए ।

**मनसुन पूर्वनै सरदरभन्दा बढी वर्षा**

मनसुन सुरु हुनुपूर्व नै औसतभन्दा बढी वर्षा हुँदा सुक्खापन घटेको र वन डढेलोजस्ता प्राकृतिक विपद्का घटना कम भएको मौसमविद्को भनाइ छ । जल तथा मौसम विज्ञान विभागका मौसमविद् डिविड ढकालका अनुसार शुक्रबारसम्म प्रि-मनसुन अवधिमा सरदरभन्दा बढी वर्षा 'रेकर्ड' भएको छ । "यस अवधिमा सामान्यतया करिब ३० प्रतिशत वर्षा हुने गरे पनि यस वर्ष ४४ दशमलव ३ प्रतिशत वर्षा भइसकेको छ," उनले भने ।

उनका अनुसार विभागअन्तर्गत रहेका २० वटा मौसमी स्टेसनमध्ये जुम्लामा सरदर वर्षा भएको छ भने अन्य अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा मापन गरिएको छ । ढकालले हालसम्म कुल १०१ दशमलव ४ मिलिमिटर वर्षा भइसकेको जानकारी दिँदै यसले सुक्खा अवस्था कम गर्न र वन डढेलोको जोखिम घटाउन सहयोग पुगेको उल्लेख गरे । वन डढेलो नियन्त्रण पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना २०८२ अनुसार वन क्षेत्रको विस्तारसँगै उचित व्यवस्थापन र सदुपयोगको अभावमा वनमा आगलागीको जोखिम पनि बढेको छ । विगतका घटनाहरूका आधारमा अधिकांश वन डढेलो मानिसले लगाएको देखिन्छ ।

वन डढेलो लाग्ने कारणहरूमा चरिचरनका लागि आगो लगाउने प्रवृत्ति (३० प्रतिशत), चुरोट पिउनेहरूबाट (१५ प्रतिशत), सिकारीहरूबाट (सात प्रतिशत), वनभोज, क्याम्प फायर आदिबाट (सात प्रतिशत), बच्चाहरू खेल्दा (छ प्रतिशत), अवैध काठ कटान गर्नेहरूबाट (पाँच प्रतिशत), अतिक्रमणकारीहरूबाट (पाँच प्रतिशत), खोरिया फँडानीबाट (पाँच प्रतिशत), अज्ञात कारणबाट (चार प्रतिशत), गोल पोल्नेबाट (चार प्रतिशत), जडीबुटी सङ्कलकहरूबाट (तीन प्रतिशत), राँको बाल्ने कारणले (तीन प्रतिशत) तथा खेतीपातीका लागि (एक प्रतिशत) रहेको कार्ययोजनामा उल्लेख छ । समग्रमा मानिसहरूको जानाजानीबाट ६४ प्रतिशत, लापरबाहीबाट ३२ प्रतिशत र अज्ञात कारणबाट चार प्रतिशत वन डढेलो लाग्ने गरेको तथ्याङ्क छ ।

# विनवारीमा जैविक तटबन्ध निर्माण सुरु

युग संवाददाता
कञ्चनपुर, ५ वैशाख ।

दोदा नदीको कटानबाट उच्च जोखिममा रहेको लालझाडी गाउँपालिका-१ विनवारीमा जैविक तटबन्ध निर्माण सुरु गरिएको छ । गैरसरकारी संस्थासँगको लागत साझेदारीमा गाउँपालिकाले करिब छ सय मिटर लामो तटबन्ध निर्माण सुरु गरेको हो । पेसवान र एनएनएसडब्लुए नामक संस्थासँगको सहकार्यमा योजना कार्यान्वयन गरिएको गाउँपालिका अध्यक्ष निर्मल रानाले जानकारी दिए ।

उनका अनुसार तटबन्ध निर्माणका लागि गाउँपालिकाले २२ लाख दुई हजार ८८५ रूपैयाँ, पेसवानले १३ लाख ७४ हजार ७१८ रूपैयाँ र एनएनएसडब्लुएले सात लाख ६६ हजार ८४ रूपैयाँ लागत साझेदारी गरेका छन् । स्थानीय समुदायले एक लाख ३५ हजार रूपैयाँ बराबरको जनश्रमदान गर्नेछन् भने प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत अदक्ष कामदार परिचालन गर्ने व्यवस्था मिलाइएको छ ।

विनवारी क्षेत्रमा दोदा नदीले बर्सेनि जमिन कटान गर्दै आएको छ । सीमित बजेटका कारण तटबन्ध निर्माण सम्भव नभएपछि साझेदारीमा कार्य अगाडि बढाइएको अध्यक्ष रानाले बताए । "बर्सात सुरु हुनुअघि नै निर्माण सम्पन्न गर्ने लक्ष्य राखेका छौं," उनले भने ।

पेसवानका प्राविधिक जनक लेखकका अनुसार हाल तटबन्ध निर्माणका लागि बाँस गाड्ने काम सुरु भइसकेको छ । "बाँस गाडेर र बुनेर संरचना तयार गरिन्छ, त्यसपछि जियोब्यागमा माटो भरेर राखिन्छ," उनले भने, "तटबन्धलाई दिगो बनाउन भेटिभरजस्ता गहिरो जरा भएका बिरुवा रोपिन्छ ।"

तटबन्ध निर्माण सम्पन्न भएपछि विनवारीका १५० भन्दा बढी किसानको जमिन नदी कटानबाट सुरक्षित हुने छ । जैविक तटबन्ध वातावरणमैत्री र कम लागतमा निर्माण गर्न सकिने भएकाले दीर्घकालीन रूपमा प्रभावकारी समाधान हुने बताइएको छ ।

# कोहलपुरमा अन्तर्राष्ट्रियस्तरको दौड हुँदै

सरला सुवेदी
कोहलपुर, ५ बैशाख ।



विश्वव्यापी रनिङ संस्कृति प्रवर्द्धन गर्ने 'वन ग्लोबल माइल' अभियानअन्तर्गत आगामी असार २७ गते (जुलाइ ११) नेपालमा 'कोहलपुर माइल' दौड आयोजना हुने भएको छ । हरेक वर्ष जुलाइ ११ मा विश्वभर एकैसाथ सञ्चालन हुने यो अभियानले ' एक माइल, एक दिन, एक विश्व' नारामार्फत खेलकुदमार्फत एकता र स्वास्थ्य सचेतना फैलाउने लक्ष्य राखेको छ ।

यस वर्ष दर्जनभन्दा बढी देशमा एकै समयमा १.६०९ किलोमिटर दूरीको दौड आयोजना हुने कार्यक्रमअन्तर्गत नेपालमा पनि कोहलपुर माइल सञ्चालन गर्न लागिएको रेस डाइरेक्टर चन्द्रबहादुर गुरुङले जानकारी दिए । उनका अनुसार छोटो दूरीको रोड रेस भएकाले सबै उमेर समूहका सहभागीका लागि सहज र आकर्षक हुने अपेक्षा गरिएको छ ।

रेस नेपालको आयोजनामा हुने उक्त प्रतियोगिताको व्यवस्थापन नेपालगञ्ज म्याराथन टिमले गर्नेछ । कोहलपुर माइललाई नेपालगञ्ज म्याराथन सिरिजअन्तर्गत समेटिएको गुरुङले बताए । यस सिरिजअन्तर्गत यसअघि नेपालगञ्ज १० म्युजिक नाइट रन, काठमाडौं २५ के हेरिटेज रेस, कर्णाली हाफ म्याराथन, गौघाट ग्रीन रन र राप्तीसोनारी नेचर रन जस्ता प्रतियोगिताहरू सफलतापूर्वक सञ्चालन भइसकेका छन् ।

वन ग्लोबल माइलको सुरुआत अमेरिकाको न्यूयोर्कस्थित ' ह्युडसन माइल' बाट भएको हो, जसले विस्तार हुँदै अन्तर्राष्ट्रिय अभियानको रूप लिएको छ । विश्व रनिङको साझा संस्था 'एसोसिएसन अफ इन्टरनेसनल म्याराथन एण्ड डिस्टेन्स रेस (एम्स)'ले यस अभियानलाई आधिकारिक रूपमा प्रवर्द्धन गर्दै आएको छ ।

ह्युडसन माइलका सहसंस्थापक तथा रन बंग्लाका सिइओ जोन बोका र एम्सका दूत तथा धारा नेपालगञ्ज म्याराथनका संस्थापक टीएस ठकुरीले वन ग्लोबल माइललाई विश्वव्यापी बनाउने अभियानमा विशेष योगदान दिएको बताइएको छ । एम्सका दूत ठकुरीका अनुसार वन ग्लोबल माइलमा सहभागी हुन एम्ससँगको आबद्धता अनिवार्य मानिन्छ, जसले प्रतियोगिताको अन्तर्राष्ट्रिय मान्यता र विश्वसनीयता सुनिश्चित गर्दछ ।

## हर्मुज...

तर, इजरायलले यो सहमतिमा लेबनानको सशस्त्र समुह हिजबुल्लाहविरुद्धको लडाँइ समावेश नभएको दाबी गर्दै लेबनानमा आक्रमण जारी राख्यो । ट्रम्पले पनि इजरायली दाबीलाई समर्थन गरे । बदलामा इरानले लेबनानमा आक्रमण बन्द नभएसम्म हर्मुजको जलघाँटी नखोल्ने अडान लियो । लेबनानको विद्रोही समुह हिजबुल्लाहलाई इरानले आर्थिक तथा सैन्य समर्थन उपलब्ध गराउँदै आएको छ ।

यस अवधिमा इरान र अमेरिकाबीच ११ अप्रिलमा पाकिस्तानको इस्लामावादमा वार्ता सुरु भएको थियो । सन् १९७९ मा इरानमा इस्लामिक क्रान्ति सम्पन्न भएयता अमेरिका-इरानबीचको यो पहिलो प्रत्यक्ष वार्ता थियो । तर, वार्तामा कुनै सहमति जुटेन ।

त्यसपछि, १३ अप्रिलमा अमेरिकाले हर्मुजमा नाकाबन्दी घोषणा गऱ्यो । जसअनुसार, अमेरिकाले ओमानको खाडी र अरेबियन सागर हुँदै इरानका बन्दरगाहहरूमा जहाजहरूलाई आवत-जावत गर्न रोक लगाएको छ । इरानको तेल व्यापार ठप्प पार्ने लक्ष्यले अमेरिकाले यस्तो नाकाबन्दी घोषणा गरेको हो । अहिले तनावका बाबजुद दुबै देश आगामी वार्ताका लागि पनि तयारी गरिरहेका छन् । नयाँ चरणको वार्ताको पहल पनि पाकिस्तानले नै गरिरहेको छ । अन्तर ष्ट्रिय समुदायले पनि दुबै देशलाई संवादमार्फत सहमतिमा पुग्न आग्रह गरिरहेको छ ।

**हर्मुज किन महत्वपूर्ण छ ?**

ओमान र इरानसँग सीमाना जोडिने हर्मुज जलघाँटी रणनीतिक र व्यापारिक रुपमा निकै महत्वपूर्ण छ । यस जलघाँटीमा भएको अवरोधले विश्वव्यापी उर्जा संकट र मूल्यवृद्धि निम्त्याएको छ ।

प्राचीकालदेखि नै यो जलघाँटी पश्चिम एशियासँग बाँकी विश्वलाई जोड्ने महत्वपूर्ण रुट रहि आएको छ । पश्चिम एसियाबाट विश्व बजारमा जाने कच्चा तेल तथा ग्यासको अधिकांश हिस्सा हर्मुज हुँदै बाहिरिन्छ । जलघाँटीको सबैभन्दा साँघुरो बिन्दू ३३ किलोमिटरमात्रै चौडा छ । जहाँ, पश्चिम एशिया छिर्ने र त्यहाँबाट फर्कने ३-३ किलोमिटरका दुईवटा साँघुरा सिपिङ लेन छन् ।

युद्ध सुरु हुनअघि यहाँबाट विश्वको कुल ग्यास तथा कच्चा तेलको २० प्रतिशतभन्दा धेरै हिस्सा बाहिरिन्थ्यों । त्यसमध्ये अधिकांश तेल एसियाली बजारमा आउने गरेको छ ।

## प्याराग्लाइडिङले ...

व्यवस्थित र योजनाबद्ध रूपमा विकास गर्दै लगेको वेलकम प्याराग्लाइडिङ कम्पनीका सञ्चालकको भनाइ छ । 'कर्णाली समृद्धि २०८२' को सन्दर्भसँगै यहाँ सस्तो र सुलभ दरमा प्याराग्लाइडिङ उडान सञ्चालन गरिएको सञ्चालक कम्पनीले जनाएको छ । जसले आन्तरिक पर्यटनलाई चलायमान बनाएको छ ।

यस अभियानको नेतृत्व अनुभवी प्रशिक्षक देशवीर जिमीले गरिरहनुभएको छ । जसले करिब १६ वर्षदेखि यस क्षेत्रमा निरन्तर काम गर्दै आएका छन् । उनको नेतृत्वमा सञ्चालन भइरहेको 'वेलकम प्याराग्लाइडिङ' कम्पनीमार्फत चार जना दक्ष पाइलटले दैनिक रूपमा व्यावसायिक उडान गरिरहेका छन् ।

समुद्र सतहदेखि करिब एक हजार ५०० मिटर उचाइमा रहेको बयलकाँडा प्राकृतिक रूपमा प्याराग्लाइडिङका लागि उपयुक्तस्थल मानिन्छ । यहाँको हावाको सन्तुलित बहावले उडानलाई सुरक्षित र सहज बनाउने गरेको जिमीको भनाइ छ । जीमीका अनुसार बयलकाँडाबाट उडान भरेपछि वीरेन्द्रनगर-१ स्थित रेडियो नेपाल अगाडिको खुला फाँटमा सुरक्षित अवतरणको व्यवस्था गरिएको छ ।

प्याराग्लाइडिङको सम्पूर्ण अनुभव तीन चरणमा विभाजित हुने उनी बताउँछन । टेकअफ, फ्लाइङ र ल्यान्डिङ । केही मिनेटको यो उडानले सहभागीलाई जीवनभर सम्झिने अनुभव दिन्छ । प्याराग्लाइडिङ फस्टाउँदै एपछि स्थानीय व्यवसायमा पनि यसको सकारात्मक प्रभाव देखिन थालेको छ । होटल, रेष्टुराँ, यातायात र गाइड सेवामा संलग्न व्यक्तिहरूको आम्दानी बढ्न थालेको छ ।

यसै सन्दर्भमा आन्तरिक राजस्व कार्यालय सुर्खेतका प्रमुख चक्रप्रसाद ढुङ्गानाले कर्णाली प्रदेशको आर्थिक विकास र पर्यटन प्रवर्द्धनमा सुर्खेतमा सञ्चालन हुँदै आएको प्याराग्लाइडिङ गतिविधिले महत्त्वपूर्ण योगदान पुऱ्याएको बताए । उनका अनुसार प्याराग्लाइडिङले प्रदेशको अर्थतन्त्रलाई चलायमान बनाउन सहयोग गरेको छ । सुर्खेतको आकाशमा उडिरहेका प्याराग्लाइडिङ केवल साहसिक खेलको विस्तार मात्र होइन, यो त कर्णालीको पर्यटन विकासमा सम्भावनाको सङ्केत पनि हो ।

# भ्रष्टाचारजन्य कसुरमा मुद्दा दायरको सङ्ख्या तेब्बरले वृद्धि

प्रकाश सिलवाल/रासस
काठमाडौँ, ५ वैशाख ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पछिल्ला पाँच वर्षमा सार्वजनिक पद धारण गरेका राजनीतिक पदाधिकारी, जनप्रतिनिधि र कर्मचारीविरुद्ध उल्लेख्य सङ्ख्यामा भ्रष्टाचारजन्य कसुरमा मुद्दा दायर गरेको छ ।

सो अवधिमा कुल एक लाख ६६ हजार ५२० उजुरी परेकामा एक लाख २१ हजार ९४३ (७३ दशमलव २३ प्रतिशत) फछ्यौंट भई ७९८ मुद्दा दायर भएका छन् । ती मुद्दामा चार हजार ६६२ जनालाई प्रतिवादी बनाई ३१ अर्ब ५२ करोड २५ लाख पाँच हजार ५७३ रुपैयाँ बिगो दाबी गरिएको छ । यी मुद्दामा विशेष अदालतबाट सरदर ५५ प्रतिशत कसुर स्थापित भएको छ भने कसुर स्थापित नभएकामध्ये ७१९ मुद्दामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग पुनरावलोकनका लागि सर्वोच्च अदालत गएको छ । पुनरावलोकन गरिएकामध्ये नौ मुद्दामा अख्तियारको माग दाबीअनुसार सर्वोच्च अदालतबाट ठहर भएको आयोगले जनाएको छ ।

आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईसहितका पदाधिकारीले २०७७ माघ २१ गतेदेखि पद बहाली गरेका थिए । आर्थिक वर्ष २०७७/७८ को तुलनामा पछिल्लो आर्थिक वर्षमा उजुरी, फछ्र्यौट र मुद्दा दायरको आँकडा बढ्दो देखिएको छ ।

आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार आर्थिक वर्ष २०७७/७८ को माघसम्ममा १२ हजार ४९६ उजुरी र ४६ मुद्दा दायरी भई २३० प्रतिवादी रहेकामा चालु आर्थिक वर्षको गत चैत मसान्तसम्म २८ हजार ४१६ उजुरी र १२१ मुद्दा दायर भई ४२९ प्रतिवादी छन् । आर्थिक वर्ष २०७७/७८ मा दायर भएका मुद्दामध्ये ६८ प्रतिशत कसुर स्थापित भएका थिए भने चालु आर्थिक वर्षको चैतसम्ममा ४८ दशमलव ८५ प्रतिशत कसुर स्थापित भएका छन् ।

च्त्यसैगरी, आव २०७८/७९ मा २४ हजार ३३१ उजुरी परेकामा ७० दशमलव ५६ प्रतिशत फछ्यौंट भई १३१ मुद्दा दायर भई ६३९ प्रतिवादी रहेका थिए । आव २०७९/८० मा २८ हजार ६५ उजुरी परेकामा ६६ दशमलव ९८ प्रतिशत फछ्र्यौंट भई १६१ मुद्दा दायर भएकामा ७६६ प्रतिवादी कायम गरिएको थियो । यी मुद्दामा ३३ दशमलव ४३ प्रतिशत कसुर स्थापित भएका छन् ।

आर्थिक वर्ष २०८०/८१ मा ३६ हजार १८६ उजुरी परेकामा ७६ दशमलव ५९ प्रतिशत फछ्यौंट भई २०१ मुद्दामा गरी एक हजार ५४५ प्रतिवादी रहेका थिए । यसमध्ये ६५ दशमलव ६७ प्रतिशत कसुर स्थापित भएको थियो । आव २०८१/८२ मा ३७ हजार २६ उजुरीमध्ये ८० दशमलव २२ प्रतिशत फछ्र्यौंट भई १३७ मुद्दामा ७५३ प्रतिवादी कायम भए । यीमध्ये ५२ दशमलव ६७ प्रतिशत कसुर स्थापित भएको थियो ।

संसद्को गत अधिवेशनमा पेस भएको अख्तियारको ३५औं वार्षिक प्रतिवेदनमा प्रदेशगत आधारमा हेर्दा बागमती प्रदेशमा सङ्घीय निकाय वा पदाधिकारीसम्बन्धी उजुरीको सङ्ख्या बढी देखिएको छ ।

'स्टिङ अपरेसन'का सम्बन्धमा सर्वोच्च अदालतबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० अमान्य र बदर हुने गरी २०७८ वैशाख ८ मा फैसला भएका कारण त्यसयता घूस (रिसवत) सम्बन्धी भ्रष्टाचार मुद्दाको सफलता दर केही घट्न गएको आयोगको बुझाइ छ ।

आयोगले प्राप्त उजुरी, आयोगको अनुसन्धान र विद्यमान कानुनी व्यवस्थाअनुसार मुद्दा अघि बढाउने भएकाले विशेष अदालतको फैसलाबारे पुनरावलोकनबाहेक अरू विकल्प आफूहरूसँग नहुने प्रवक्ता न्यौपानेको भनाइ छ ।

नेपालको संविधानको भाग २१ बमोजिम दुरुपयोग अनुसन्धान आयोगले कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानुनबमोजिम अनुसन्धान गरी वा गराई त्यस्तो अनुसन्धानबाट कसुरदार देखिएमा त्यस्ता व्यक्तिउपर विशेष अदालतमा मुद्दा दायर गराउँदै आएको छ ।

आयोगले भ्रष्टाचारजन्य कसुरको अनुसन्धान र अभियोजन गर्ने वा गराउने कार्यका अतिरिक्त भ्रष्टाचार नियन्त्रणका लागि विभिन्न प्रकारका निरोधात्मक, प्रवर्द्धनात्मक र संस्थागत क्षमता विकासका रणनीतिहरू तय गरी सदाचार, निष्पक्षता, निडरता, पेसागत विशिष्टता र प्रमाणमा आधारित अनुसन्धान एवं अभियोजनजस्ता मूल्यमान्यताका आधारमा आफ्नो संवैधानिक दायित्व निर्वाह गर्दै आएको प्रवक्ता न्यौपानेले बताए ।

**शीर्षनेता, जनप्रतिनिधि र उच्च कर्मचारीसम्म प्रतिवादी**

आयोगले यसबीचमा दायर गरेका मुद्दामा प्रतिवादी बनाइएकामा तत्कालीन प्रधानमन्त्रीदेखि स्थानीय तहका जनप्रतिनिधिसम्म छन् । आयोगका अनुसार २०७७ माघ २१ देखि गत चैत मसान्तसम्ममा यस वर्गमा १०२ प्रतिवादी भएका छन् ।

प्रतिवादी बनाइएकामा पतञ्जली योगपीठको जग्गा साटफेर प्रकरणमा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपाल, वाइडबडी खरिदमा तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनबहादुर शाही, टेरामक्स खरिदमा तत्कालीन सूचना तथा प्रविधिमन्त्री मोहनबहादुर बस्नेत, लिची बगैंचा जग्गाको घूस रिसवतमा तत्कालीन सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ता र तत्कालीन भूमि व्यवस्था, सहकारी र गरिबी निवारणमन्त्री रंजिता श्रेष्ठविरुद्ध मुद्दा दायर भएको छ । पोखरा अन्तरराष्ट्रिय विमानस्थल निर्माणको अनियमितता मुद्दामा तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री भीमप्रसाद आचार्य र दीपक चन्द अमात्य तथा तत्कालीन अर्थमन्त्री डा रामशरण महत प्रतिवादी रहेको छ ।

त्यस्तै, भन्सार छलेर सुन ल्याएको आरोपमा पूर्वसभामुख कृष्णबहादुर महराविरुद्ध आयोगले मुद्दा दायर गरेको छ । यसैगरी, विभिन्न प्रदेशका मन्त्री, सांसद, नगर तथा गाउँपालिकाका प्रमुख र अध्यक्ष तथा उपप्रमुख र उपाध्यक्षविरुद्ध पनि मुद्दा दायर भएको छ ।

त्यसैगरी, पूर्वमुख्यसचिव डा वैकुण्ठ अर्यालविरुद्ध अन्तःशुल्क स्टिकरमा मुद्दा दायर भई किनारा लागिसकेको छ भने नेपाल सरकारका तत्कालीन सचिवहरू रामकुमार श्रेष्ठविरुद्ध गैह्रकानुनी सम्पत्ति आर्जन, शङ्करप्रसाद अधिकारीविरुद्ध वाइडबडी खरिद, सञ्जय शर्माविरुद्ध नेसनल पेमेन्ट गेटवे, छविराज पन्तविरुद्ध पतञ्जली योगपीठ जग्गा साटफेरमा मुद्दा दायर गरिएको छ ।

तत्कालीन सचिवहरू सुशील घिमिरे, सुरेशमान श्रेष्ठ, सुमनप्रसाद शर्मा र भेषराज शर्माविरुद्ध विमानस्थल निर्माणमा लागत बढाइएको विषयमा मुद्दा दायर भएको छ । यस्तै, विभिन्न सहसचिव, महानिर्देशकहरू, प्रदेश सचिव, सञ्चालक समितिका अध्यक्ष, सदस्य तथा विभिन्न कर्मचारीविरुद्ध मुद्दा दायर भएको आयोगले जनाएको छ ।

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ मा भएको हालको संशोधित व्यवस्थाअनुसार आयोगले भ्रष्टाचारजन्य कसुरको अनुसन्धान गर्ने क्रममा सम्पत्ति शुद्धीकरण कसुरका तत्व देखिएमा सोको समेत अनुसन्धान गर्ने व्यवस्था रहेको छ ।

# बाँकेमा बढ्दै हिंसाका घटना

**◣युग संवाददाता**
**बाँके, ५ वैशाख ।**

जिल्लामा महिला, बालबालिका र जेष्ठ नागरिकविरुद्ध हुने हिंसाका घटनामा वृद्धि भएको तथ्याङ्क सार्वजनिक भएको छ। जिल्ला प्रहरी कार्यालय बाँकेले सार्वजनिक गरेको गत चैत महिनाको विवरणअनुसार एक महिनामै यस्ता प्रकृतिका एक सय तीन वटा उजुरी दर्ता भएका छन्।

जिल्ला प्रहरी कार्यालय बाँकेका निमित्त सूचना अधिकारी प्रहरी निरीक्षक रमेश विष्टका अनुसार दर्ता भएका उजुरीमध्ये ८२ वटा विभिन्न प्रक्रियामार्फत फछ्र्योट गरिएको छ भने २१ वटा उजुरी अझै प्रक्रियामै रहेका छन्।

उजुरी दिने पीडितहरूको उमेर समूह हेर्दा १८ देखि २५ वर्षका २५ जना तथा २६ देखि ३९ वर्ष समूहका ५२ जना रहेको प्रहरीले जनाएको छ। यसले सक्रिय उमेर समूहका महिला तथा अन्य संवेदनशील वर्गहरू बढी प्रभावित भएको संकेत गर्दछ। यस्तै, सोही अवधिमा ५३ जना महिला, बालबालिका र जेष्ठ नागरिक हराएको वा बेपत्ता भएको भन्दै खोजतलासका लागि निवेदन परेको थियो। प्रहरीका अनुसार खोजीका क्रममा २९ जना फेला परेका छन् भने अझै २४ जनाको खोजी जारी छ।

हराएकामध्ये २५ जना महिला, १९ जना बालिका, चार जना बालक र पाँच जना जेष्ठ नागरिक रहेका थिए। फेला परेकामध्ये ११ जना महिला, १३ जना बालिका, तीन जना बालक र दुई जना जेष्ठ नागरिक छन्। हालसम्म १४ जना महिला, ६ जना बालिका, एक जना बालक र तीन जना जेष्ठ नागरिकको खोजी भइरहेको प्रहरीले जनाएको छ।

# भत्ता...

समाजले उनीहरूको सभ्यता र स्वशासनमाथि गरेको अतिक्रमण नियन्त्रण हुन अत्यावश्यक छ।' जसले उनीहरूको मानवअधिकार संरक्षण र सम्बर्द्धनमा सहयोग पुग्ने आयोगको ठहर छ।

संघ, प्रदेश र स्थानीय तहले राउटेका लागि गरिने व्यवस्था र कार्यक्रमको एकीकृत अभ्यास गर्न जरुरी पनि उत्तिकै रहेको आयोगले भनेको छ। नेपालको संविधानको धारा ५६ (५) ले संघीय कानुनबमोजिम सामाजिक सांस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि संरक्षित क्षेत्र कायम हुनुपर्ने आयोगको सुझाव छ। साथै, राउटेहरूका पृथक् कानुनी व्यवस्था गर्न आवश्यक रहेको मानवअधिकार आयोगको सुझाव छ।

मानवअधिकारका क्षेत्रमा काम गर्दै आएको औनपचारिक सेवा केन्द्र इन्सेकले 'मानवअधिकारको दृष्टिमा राउटे समुदाय' शीर्षकमा गरेको अध्ययनले राउटेलाई भत्ताको साटो आवश्यक खाद्यान्न र पोषणयुक्त खानेकुरा तथा कपडाको व्यवस्था गर्नुपर्ने सरकारलाई सुझाव दिएको छ।

अध्ययनले राउटे समुदायको सहभागितामा राउटे नीति निर्माण गरेर शिक्षा, स्वास्थ्य, खाद्य र आवासका उचित व्यवस्था गर्नुपर्ने, सरसफाइ, पोषण र स्वास्थ्य उपचारका बारेमा चेतना अभिवृद्धि गराउनुपर्ने सुझाव दिएको थियो। तर सुझाव कार्यान्वयनमा भने राज्य गम्भीर बन्नै सकेको छैन। कर्णाली प्रदेश सरकारको प्रथम कार्यकालमा राउटे नीति ल्याउने भनिएको थियो। तर ल्याइएन।

**Vacancy Announcement**

Modern Public School, located at Birendranagar 1, Surkhet is looking for some qualified, dynamic and dedicated individuals for the following positions:

**Position:** Secondary level Teachers (Math/English/Science/Nepali/Social)

At least Bachelor Degree holders with Teaching experience can contact 9858051072 within seven days.

**Salary:** Rs. 30,000 -45,000 and grade facility.

**Contact :**

**Modern Public School**
**Birendranagar 1, Surkhet**
**Phone no. : 9858051072**

# झलारीका मुक्त कमैयालाई आवास बनाउन बजेट उपलब्ध

**◣युग संवाददाता**
**कञ्चनपुर, ५ वैशाख ।**

शुक्लाफाँटा नगरपालिका-१० झलारीका मुक्त कमैया तथा मुक्त कमलरी परिवारका लागि सुरक्षित आवास निर्माण अघि बढाइएको छ। सुदूरपश्चिम प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, शुक्लाफाँटा नगरपालिकाको लागत साझेदारीमा १५ मुक्त कमैया परिवारका लागि घर निर्माण प्रक्रिया सुरु गरिएको हो।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खेमराज बिष्टका अनुसार मुक्त कमैया, हलिया तथा कमलरी पुनःस्थापना कार्यक्रमअन्तर्गत उपभोक्ता समितिमार्फत आवास निर्माणको काम अघि बढाइएको छ। "मन्त्रालय, नगरपालिका र गैरसरकारी संस्थाबीच आवास निर्माणका लागि सम्झौताभैकार्य अगाडि बढेको छ," उनले भने।

उनका अनुसार सुरक्षित आवास निर्माणका लागि मन्त्रालयले रु ५२ लाख ५० हजार बजेट उपलब्ध गराउने सहमती गरेको छ। प्रतिआवास रु तीन लाख ५० हजारका दरले रकम प्रदान गरिने सहमति भएको अधिकृत विष्टले जानकारी दिए।

नगरपालिकाले 'मुक्त कमैया, हलिया तथा कमलरी पुनःस्थापनासम्बन्धी कार्यविधि, २०८०'अनुसार छनोट भएका लाभग्राहीका लागि आवास निर्माण गराउने जिम्मेवारी लिएको छ। वडा नं १० का अध्यक्ष

> "गत आवमा वडा कार्यालयकै पहलमा सिमलखेतका सुरक्षित आवास विहीन दलित समुदायका लागि निड्स नामक गैरसरकारी संस्थासँगको लागत साझेदारीमा ११ सुरक्षित आवास निर्माण गरिएका थिए।



लालबहादुर ऐरका अनुसार चालु आर्थिक वर्षको वडाका लागि विनियोजित स्वीकृत बजेट मध्येबाट रु २१ लाख ७५ हजार लागत साझेदारी गरिएको छ। "प्रतिआवास निर्माणका लागि रु एक लाख ४५ हजारका दरले रकम उपलब्ध गराइनेछ," उनले भने।

निर्माण हुने प्रत्येक घरमा दुई सुत्ने कोठा, एक भान्सा, एक शौचालय तथा स्नानकक्ष रहनेछन्। हालसम्म सुरक्षित आवास नहुँदा मुक्त कमैया र कमलरी परिवार कच्ची झुपडीमा असुरक्षित रूपमा बस्दै आएका थिए।

"विषालु सर्प, बिच्छीको डर, आगलागीको जोखिम र वर्षामा छाना चुहिने समस्या थियो," वडा अध्यक्ष ऐरले भने, "नयाँ आवास निर्माणसँगै यी समस्या समाधान हुने विश्वास लिएका छौँ।" आवास निर्माण तथा घर नक्सा पास गर्ने जिम्मेवारी नगरपालिकाको रहनेछ। कुल लागतको कम्तीमा १० प्रतिशत योगदान लाभग्राही स्वयंले व्यहोर्नुपर्ने व्यवस्था गरिएको छ।

निर्माण सम्पन्न भएपछि प्रगति प्रतिवेदन मन्त्रालयमा पेश गरिनेछ र मन्त्रालयकै समन्वयमा घर लाभग्राहीलाई हस्तान्तरण गरिनेछ। हस्तान्तरणपछि मर्मतसम्भार तथा संरक्षणको जिम्मेवारी लाभग्राहीकै बताइएको छ।

यस कार्यक्रमले मुक्त कमैया तथा कमलरी समुदायको दीर्घकालीन आवास समस्या समाधानमा महत्वपूर्ण योगदान पुग्ने विश्वास गरिएको छ। त्यसैगरी, गत आवमा वडा कार्यालयकै पहलमा सिमलखेतका सुरक्षित आवास विहीन दलित समुदायका लागि निड्स नामक गैरसरकारी संस्थासँगको लागत साझेदारीमा ११ सुरक्षित आवास निर्माण गरिएका थिए। प्रति रु छ लाख ५० हजारमा निर्माण भएका आवास दलित समुदायलाई हस्तान्तरण गरिएको थियो।

# मरेको कुखुराको मासु खाँदा दुई जनाको मृत्यु

**◣युग संवाददाता**
**धनगढी, ५ वैशाख ।**

कैलालीमा मरेको कुखुराको मासु खाँदा नाबालक दाजुभाइको मृत्यु भएको छ। आमा र भाइ बिरामी भएका छन्। जिल्ला प्रहरी कार्यालयका अनुसार चुरे गाउँपालिका- ३, भक्तपुरकी राधिका ताम्राकारका आठ वर्षीय छोरा भीम र पाँच वर्षीय छोरा दीपक ताम्राकारको मृत्यु भएको हो।

'३ गते मरेको कुखुराको मासु खाएर परिवार नै बिरामी भएको रहेछ,' जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक कैलाश विष्टले भने, '४ गते मात्रै प्रहरीलाई खबर भयो। उपचारका लागि सेती प्रादेशिक अस्पताल पुगाइएकोमा भीम र दीपकको मृत्यु भएको छ।'

मरेको कुखुराकै मासु खाएका राधिका र उनका कान्छा तीन वर्षीय छोरा दीपेश पनि बिरामी परेका छन्। उनीहरू दुवै जनाको सेती प्रादेशिक अस्पतालमा उपचार भइरहेको इन्सपेक्टर विष्टले बताए। उनीहरूको अवस्था मध्यम छ। घटनापछि कुखुरा फार्मका सञ्चालक मंगल साउद आफैं इलाका प्रहरी कार्यालय मालाखेतीमा उपस्थित भएका थिए।

BC Group
20th years printing experience
भित्तेपात्रो (क्यालेण्डर) छपाई अब सुर्खेतमै
सुलभ दर र उत्कृष्ट गुणस्तर
प्रति घण्टा २० हजार प्रति छपाई क्षमता भएको प्रदेशकै सबैभन्दा ठुलो उद्योग ।
BHAWANI CHHAPAKHANA
DIGITAL COLOUR PRINTERS
(QUALITY & QUANTITY PRINTING HOUSE)
Office: Birendranagar-6, Buddhapath, Surkhet
Industry: Birendranagar Industrial Area

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर
हाम्रा विशेषताहरु
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

पश्चिम नेपालकै सबै भन्दा ठूलो २८x४० साईजको मेसिनबाट छपाई
RARA Printing Pvt.Ltd.
रारा प्रिन्टीङ्ग प्रा.लि.
Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)




हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।
सम्पर्क नं.
९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।